# नेपाल सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## कृषि विभाग
# कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र
# कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र
## नक्टाझिज, धनुषा

**सूचना ! सूचना !! सूचना !!!**

***प्रकाशित मिति : २०८१/०९/०८***

साविक जनकपुर कृषि विकास योजना (JADP) तथा हाल कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र नक्टाझिज, धनुषा मार्फत विगतमा झापा, मोरङ्ग, सुनसरी, रौतहट, बारा तथा सप्तरी लगायतका जिल्लाहरुमा सञ्चालित स्यालो ट्यूबवेल जडान कार्यक्रमका लागि सम्बन्धित कृषक/ कृषक समुह/ कृषि सहकारीबाट नियमानुसार दाखिला भएको धरौटी रकम यस केन्द्रको धरौटी खातामा लामो समय देखि मौजुदा रहेको, र सो धरौटी रकमको प्रयोजन समेत सकिएको अवस्था रहेको हुँदा, सम्बन्धीत व्यक्ति/ कृषक समुह/ कृषि सहकारीबाट तपशिल बमोजिम कागजात सहित धरौटी रकम फिर्ता लिन आउनु हुनका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६७(२) बमोजिम १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ । मिति २०८१/०९/२२ गते भित्र धरौटी रकम फिर्ता लिन नआएमा सोही नियमावलीको नियम ६७(३) बमोजिम धरौटी रकम राजश्व खातामा जम्मा गरी सदर स्याहा/हिसाव मिलान गरिने व्यहोरा समेत सम्बन्धित सबैमा अनुरोध छ ।

**संलग्न गर्नुपर्ने कागजात :**

१. धरौटी फिर्ता माग निवेदन ।
२. धरौटी जम्मा गरेको रसिद ।
३. कर चुक्ताको प्रमाणित प्रतिलिपि (सहकारीको हकमा)
४. सहकारी/समुहको धरौटी फिर्ताको निर्णय प्रतिलिपि ।
५. कृषक समुह/सहकारीको हकमा पान नं. लिएको हुनु पर्ने ।
६. बैंक खाता नं. (व्यक्ति/समुह/सहकारी)

**केन्द्र प्रमुख**